# नेपाल पत्रकार महासंघ
## Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

मितिः २०८२/०५/२५

### पत्रकार र सञ्चार संस्थाहरूमा अपिल

मुलुक विषम परिस्थितिबाट गुज्रिरहेको यो समयमा अहोरात्र पेसागत धर्म निर्वाह गरिरहनु भएका पत्रकार र यस सम्बद्ध संस्थाहरूको सकारात्मक भूमिकाको नेपाल पत्रकार महासंघ उच्च प्रशंसा गर्दछ ।

संविधान र कानुनबाट सुरक्षित प्रेस स्वतन्त्रताको उपभोग तथा पत्रकार आचारसंहिताको पालना गर्दै जिम्मेवार पत्रकारितामार्फत सत्यतथ्य, सन्तुलित र विश्वसनीय समाचार प्रेषित गर्नु र गर्न पाउनु हाम्रो अधिकार र कर्तव्य हो । जनतालाई सुसूचित गर्ने दायित्व पूरा गर्ने सिलसिलामा कहींकतैबाट अवरोध नहोस् भन्नेमा महासंघ सचेत छ । सम्बद्ध पक्षहरूसंग समन्वयको कार्य पनि भइरहेको छ । र, निर्वाध पत्रकारितामा अवरोध नगर्न महासंघ अपिल गर्दछ ।

यद्यपि निषधित क्षेत्रमा र कर्फ्यूको समयमा कार्यक्षेत्रमा खटिंदा पत्रकारको परिचय खुल्ने परिचयपत्र बोक्न, सम्भव भए प्रेस लेखेको ज्याकेट लगाउन, समुहमा रहन, आफ्नो सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर सुरक्षाका उपायहरू अवलम्बन गर्न सबै पत्रकार साथीहरूसंग महासंघ आग्रह गर्दछ । सञ्चारगृह र पत्रकारको सुरक्षामा ध्यान दिन सञ्चार सम्बद्ध व्यवस्थापन पक्षसंग अनुरोध गरिन्छ । साथै, महासंघ पत्रकार तथा सञ्चार माध्यममाथि धम्की, त्रास, आक्रमण र अवरोध सिर्जना भए महासंघका सम्बद्ध शाखा र संस्था, प्रदेश समिति र केन्द्रीय कार्यालयमा जानकारी गराउन हुन हार्दिक अनुरोध गर्दछ ।

**रामप्रसाद दाहाल**
**महासचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone: +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org